# नेपाल टेलिभिजन
## सिंहदरवार
## आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०७६/१०/१० गते र अद्यावधिक मिति २०७६/१०/२८)

लोक सेवा आयोगबाट सहमति प्राप्त भएबमोजिम यस नेपाल टेलिभिजन संस्थानका विभिन्न पदहरुमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ

**१. आवश्यक पदहरुको विवरण :**

| विज्ञापन नम्बर | पद / तह | सेवा | समूह/ उपसमूह | खुला | | समावेशी समूह | | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ.ज | मधेशी | दलित | अपाङ्ग | पि.क्षे. | |
| ०१-७६/७७ | वरिष्ठ समाचार सम्पादक, तह ७ | प्रा. | समाचार - | १ | | | | | | | १ |
| ०२-७६/७७ | वरिष्ठ निर्माता, तह ७ | प्रा. | कार्यक्रम /निर्माण | १ | | | | | | | १ |
| ०३-७६/७७ | इन्जिनियर, तह ७ | प्रा. | इन्जिनियरिङ/ इइक | १ | १ | १ | | | | | ३ |
| ०४-७६/७७ | प्रशासन अधिकृत, तह ६ | प्र. | प्रशासन | १ | १ | १ | | | | | ३ |
| ०५-७६/७७ | लेखा अधिकृत, तह ६ | प्र. | आर्थिक प्रशासन | २ | १ | | | | | | ३ |
| ०६-७६/७७ | दृश्य सम्पादक, तह ६ | प्रा. | अपरेशन/दृ.स., भिटिआर,दृ.सं. | २ | १ | | | | | | ३ |
| ०७-७६/७७ | समाचार सम्पादक, तह ६ | प्रा. | समाचार - | ४ | १ | २ | १ | १ | | | ९ |
| ०८-७६/७७ | क्यामराक्यान/पर्सन, तह ६ | प्रा. | कार्यक्रम छायाङ्कन/प्रकाश | १ | १ | १ | | | | | ३ |
| ०९-७६/७७ | निर्माता, तह ६ | प्रा. | कार्यक्रम/ निर्माण | १ | १ | १ | | | | | ३ |
| १०-७६/७७ | आर्टिष्ट, तह ६ | प्रा. | कार्यक्रम/ आर्टिष्ट | १ | | | | | | | १ |
| ११-७६/७७ | कम्प्युटर अधिकृत, तह ६ | प्रा. | प्रा.विविध/ कम्प्युटर | १ | | | | | | | १ |
| १२-७६/७७ | ध्वनि नियन्त्रक, तह ६ | प्रा. | कार्यक्रम/ध्वनि | १ | १ | | | | | | २ |
| १३-७६/७७ | व्यापार प्रवर्द्धक, तह ६ | प्र. | व्यापार | १ | १ | | | | | | २ |
| १४-७६/७७ | वरिष्ठ सहायक प्रशासन, तह ५ | प्र. | प्रशासन | १ | १ | | | | | | २ |
| १५-७६/७७ | वरिष्ठ सहायक लेखा, तह ५ | प्र. | आर्थिक प्रशासन | १ | | १ | १ | | | | ३ |
| १६-७६/७७ | वरिष्ठ सहायक प्राविधिक, तह ५ | प्रा. | इन्जिनियरिङ/ इइक | ४ | १ | १ | | १ | | | ७ |
| १७-७६/७७ | वरिष्ठ सहायक ध्वनि नियन्त्रक, तह ५ | प्रा. | कार्यक्रम/ ध्वनि | ४ | १ | १ | १ | १ | | | ८ |
| १८-७६/७७ | वरिष्ठ सहायक दृश्य सम्पादक, तह ५ | प्रा. | अपरेशन/दृ.स., भिटिआर,दृ.सं. | ३ | - | - | १ | १ | | | ५ |
| १९-७६/७७ | वरिष्ठ सहायक कम्प्युटर अपरेटर, तह ५ | प्रा. | प्रा.विविध/ कम्प्युटर | | १ | | | | | | १ |
| २०-७६/७७ | वरिष्ठ सहायक क्यामराम्यान, तह ५ | प्रा. | कार्यक्रम/ छायाङ्कन प्रकाश | १ | | | १ | १ | | | ३ |
| २१-७६/७७ | वरिष्ठ सहायक समाचार, तह ५ | प्रा. | समाचार | २ | १ | १ | | | | | ४ |
| २२-७६/७७ | वरिष्ठ सहायक कार्यक्रम, तह ५ | प्रा. | कार्यक्रम/ निर्माण | २ | १ | १ | | | | | ४ |
| २३-७६/७७ | सहायक प्रशासन, तह ४ | प्र. | प्रशासन | ३ | - | १ | १ | १ | | | ६ |
| २४-७६/७७ | सहायक प्राविधिक, तह ४ | प्रा. | इन्जिनियरिङ/ इइक | १० | १ | २ | २ | १ | १ | १ | १८ |
| २५-७६/७७ | सहायक लेखा, तह ४ | प्र. | आर्थिक प्रशासन | १ | | | | | | | १ |

२. **न्यूनतम योग्यता**

| |
|---|
| **१. वरिष्ठ समाचार सम्पादक**को लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित (पत्रकारिता) विषयमा स्नातक उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उपाधि प्राप्त गरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा तीन महिनाको समाचार सम्बन्धी तालिम प्राप्त गरेको र विद्युतीय सञ्चार माध्यममा समाचार सम्पादन/रिपोर्टिङसम्बन्धी काममा तीन वर्षको अनुभव प्राप्त गरेको। **(अद्यावधिक गरिएको)** |
| **२. वरिष्ठ निर्माता**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट पत्रकारिता विषयमा स्नातक तह उतीर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उतीर्ण गरी मान्यता प्राप्त संस्थाबाट टेलिभिजन कार्यक्रम निर्माण सम्बन्धी कम्तीमा तीन महिनाको तालिम प्राप्त गरेको र कम्तीमा तीन वर्ष टेलिभिजन संस्थामा कार्यक्रम उत्पादन/निर्माणको क्षेत्रमा काम गरेको अनुभव प्राप्त गरेको। **( अद्यावधिक गरिएको)** |
| **३. इन्जिनियर**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स वा इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन्स वा इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स एण्ड ब्रोडकास्टिङ वा इलेक्ट्रोनिक्स एण्ड टेलिकम्युनिकेशन्स विषय लिई इन्जिनियरिङमा स्नातक (बिई) उपाधि प्राप्त गरेको |
| **४. प्रशासन अधिकृत**को लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तिर्ण गरेको। |
| **५. लेखा अधिकृत**को लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन विषयमा स्नातक उत्तीर्ण गरेको। |
| **६. दृश्य सम्पादक**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक भई मान्यता प्राप्त संस्थामा दृश्य सम्पादन कार्यमा तीन वर्षको अनुभव प्राप्त गरेको। |
| **७. समाचार सम्पादक**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट पत्रकारिता विषयमा स्नातक तह उतीर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उतीर्ण गरी विद्युतीय सञ्चार माध्यममा समाचार सम्पादन/रिपोर्टिङसम्बन्धी काममा कम्तीमा ३ वर्षको अनुभव प्राप्त गरेको |
| **८. क्यामराम्यान (पर्सन)** को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उतीर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उतीर्ण गरी मान्यता प्राप्त संस्थाबाट टेलिभिजन उत्पादन/छायाङ्कन सम्बन्धी आधारभूत ३ महिने तालिम प्राप्त गरी कम्तीमा १ वर्षको कार्य अनुभव प्राप्त |
| **९. निर्माता**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट आमसञ्चार विषयमा स्नातक तह उतीर्ण गरी कार्यक्रम उत्पादन सम्बन्धी १ महिनाको तालिम प्राप्त गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उतीर्ण गरी मान्यता प्राप्त संस्थाबाट १ महिनाको कार्यक्रम उत्पादनसम्बन्धी तालिम लिएको र कम्तीमा ३ वर्ष टेलिभिजन संस्थामा कार्यक्रम उत्पादन/निर्माणको क्षेत्रमा काम गरेको अनुभव प्राप्त गरेको |
| **१०. आर्टिष्ट**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक उपाधि प्रापत गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उतीर्ण गरी मान्यता प्राप्त संस्थाबाट दृश्य सम्पादन वा ग्राफिक्स सम्बन्धी कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको |
| **११. कम्प्युटर अधिकृत**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई स्नातक उपाधि प्राप्त गरेको |
| **१२. ध्वनि नियन्त्रक**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक उपाधि हासिल गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक उत्तीर्ण गरी मान्यताप्राप्त संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा २ महिनाको तालिम प्राप्त गरी मान्यता प्राप्त संस्थामा ६ महिनाको कार्य अनुभव वा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक भई मान्यताप्राप्त संस्थामा सम्बन्धित कार्यमा १ वर्षको कार्य अनुभव प्राप्त गरेको। **(अद्यावधिक गरिएको)** |
| **१३. व्यापार प्रवर्द्धक**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट बजारशास्त्र (मार्केटिङ) मूल विषय लिई वाणिज्य वा व्यापार शास्त्रमा स्नातक उपाधि हासिल गरेको। |
| **१४. वरिष्ठ सहायक प्रशासन**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह/एसएलसिइ वा सो सरहको परीक्षा उतीर्ण गरेको |
| **१५. वरिष्ठ सहायक लेखा**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन विषयमा प्रवीणता प्रमाणपत्र तह/एसएलसिइ वा सो सरह उतीर्ण गरेको। |
| **१६. वरिष्ठ सहायक प्राविधिक**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियो एण्ड इलेक्ट्रोनिक्स वा इलेक्ट्रिकल विषय लिई इन्जिनियरिङमा प्रवीणता प्रमाणपत्र तह/एसएलसिइ वा सो सरहको परीक्षा उतीर्ण गरेको। |
| **१७. वरिष्ठ सहायक ध्वनि नियन्त्रक**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियो एण्ड इलेक्ट्रोनिक्स वा इलेक्ट्रिकल विषय लिई इन्जिनियरिङमा एसएलसिइ वा सो सरहको परीक्षा उतीर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिक शास्त्र लिई विज्ञानमा प्रवीणता प्रमाणपत्र तह/एसएलसिइ वा सो सरहको परीक्षा उतीर्ण गरी मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा ३ महिनाको तालिम प्राप्त गरेको। |
| **१८. वरिष्ठ सहायक दृश्य सम्पादक**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर साइन्स वा विज्ञानमा प्रवीणता प्रमाणपत्र तह/एसएलसिइ परीक्षा उतीर्ण गरी मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह/एसएलसिइ वा सो सरहको परीक्षा उतीर्ण गरी टेलिभिजन प्रसारण संस्थाबाट दृश्य सम्पादन सम्बन्धी १ वर्षको अनुभव प्राप्त गरेको। |
| **१९. वरिष्ठ सहायक कम्प्युटर अपरेटर**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह/एसएलसिइ वा सो सरहको परीक्षा उतीर्ण गरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको 1. Windows (Win NT), 2. DOS, 3. Office (Word, Excel, Powerpoint), 4. Networking, 5. Typing. |
| **२०. वरिष्ठ सहायक क्यामराम्यान (पर्सन)** का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियो एण्ड इलेक्ट्रोनिक्स विषय लिई इन्जिनियरिङमा प्रवीणता प्रमाणपत्र तह/एसएलसिइ वा सो सरहको परीक्षा उतीर्ण गरी मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा १ महिनाको तालिम प्राप्त गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिक शास्त्र लिई विज्ञानमा एसएलसिइ वा सो सरहको परीक्षा उतीर्ण गरी मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा ३ महिनाको तालिम प्राप्त गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एसएलसिइ वा सो सरहको परीक्षा उतीर्ण गरी टेलिभिजन प्रसारण संस्थाबाट टेलिभिजन छायाङ्कन सम्बन्धी १ वर्षको कार्य अनुभव प्राप्त गरेको। |
| **२१. वरिष्ठ सहायक समाचार**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट पत्रकारिता विषय लिई प्रवीणता प्रमाणपत्र तह/एसएलसिइ वा सो सरह उतीर्ण गरेको वा माध्यमिक शिक्षा उतीर्ण परीक्षा (एस एल सि ई) मा कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैध्दान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम डी प्लस र सिजिपिए एक दशमलव छ प्राप्त गरेको। |

| |
|---|
| **२२. वरिष्ठ सहायक कार्यक्रम**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट पत्रकारिता विषय लिई प्रवीणता प्रमाणपत्र तह/एसएलसिइ उतीर्ण गरेको वा माध्यमिक शिक्षा उतीर्ण परीक्षा (एस एल सि ई) मा कक्षा ११ र १२ का प्रत्येक विषयहरु (सैध्दान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम डी प्लस र सिजिपिए एक दशमलव छ प्राप्त गरेको र मान्यता प्राप्त संस्थाबाट टेलिभिजन कार्यक्रम निर्माण सम्बन्धी कम्तीमा १ महिनाको तालिम प्राप्त गरेको |
| **२३. सहायक प्रशासन**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एसइइ वा सो सरहको परीक्षा उतीर्ण गरेको । |
| **२४. सहायक प्राविधिक**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एसइइ वा सो सरहको परीक्षा उतीर्ण गरी मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा ३ महिनाको तालिम प्राप्त गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एसइइ वा सो सरहको परीक्षा उतीर्ण गरी टेलिभिजन प्रसारण संस्थामा १ वर्ष काम गरेको अनुभव प्राप्त गरेको । |
| **२५. सहायक लेखा**को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एसइइ वा सो सरहको परीक्षा उतीर्ण गरेको । |

**परीक्षाको किसिम :** लिखित, (वि.नं.०६, ०७, ०८, ०९, १०, ११, १२, १७, १८, १९ र २०-०७६/७७ को हकमा प्रयोगात्मक समेत हुनेछ,), र अन्तर्वार्ता ।

**सम्पर्क मिति :** २०७६/११/२३ गते ।

**परीक्षा कार्यक्रम :** सम्पर्क मितिमा तोकिनेछ ।

**परीक्षा दस्तुर :** तह ७ का लागि रु.१,०००।-, तह ६ का लागि रु.९००।-, तह ५ का लागि रु.४००।- र तह ४ का लागि ३००।-, प्रयोगात्मक परीक्षा हुने पदका लागि थप रु.१००।- परीक्षा दस्तुर लाग्नेछ । साथै खुलासँगै समावेशी समूहमा दरखास्त दिन चाहेमा प्रति समावेशीका लागि तोकिएको दरखास्त दस्तुरको थप २५% ले हुने दस्तुर समेत बुझाउनु पर्नेछ ।

**परीक्षा दस्तुर बुझाउने स्थान :** बैंक अफ काठमाडौं लिमिटेडमा नेपाल टेलिभिजनको नाममा रहेको चल्ती खाता नं.०१५९००१००६१५५२४ मा दरखास्त दस्तुरवापतको रकम बुझाएको सक्कल भौचर दरखास्त फारामसाथ संलग्न हुनुपर्नेछ ।

**दरखास्त फाराम बुझाउने र पाइने स्थान :** नेपाल टेलिभिजन, व्यापार महाशाखा, भद्रकाली प्लाजा, काठमाडौं । दरखास्त फाराम www.ntv.org.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

**दरखास्त दिने अन्तिम मिति :** मिति २०७६/११/०१ गतेसम्म र दोब्बर दस्तुर तिरी मिति २०७६/११/०८ गतेसम्म ।

**उमेरको हद सम्वन्धमा देहाय बमोजिम हुनुपर्नेछ ।**

(१) अधिकृत तह - दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको ।
(२) सहायक तह - दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको
(३) महिला र अपाङ्गका लागि अधिकृत र सहायक दुवै तहमा उपल्लो उमेर ४० वर्ष ननाघेको ।
(४) नेपाल टेलिभिजन संस्थानमा कार्यरत कर्मचारीको उमेरको हकमा प्रचलित कर्मचारी सेवा शर्त विनियमावलीको विनियम २१(२) बमोजिम हुनेछ ।

**पदमा रही काम गर्नुपर्ने विवरण :** संस्थानको केन्द्रीय कार्यालय सिंहदरवार, विभिन्न जिल्लास्थित प्रसारण केन्द्र एवं कार्यालय ।

**खुला तथा समावेशी परीक्षाको लागि दरखास्त दिने सम्बन्धी विशेष सूचना**

१. एउटै पदको खुला र समावेशीतर्फको परीक्षा एकै सिटिङ, एकै मिति र समयमा हुनेछ । छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन ।

२. खुला तथा समावेशीतर्फको लिखित परीक्षा, प्रयोगात्मक परीक्षा (कम्प्युटर सीप परीक्षण समेत) र अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ ।

३. सबै प्रकारको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ ।

**द्रष्टव्यः-**

(क) अनुवभको अवधि आवश्यक पर्ने विज्ञापनहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।
(ख) सहयोगी लेखक माग गर्ने उम्मदेवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै लोक सेवा आयोगमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन सकिने छैन ।
(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनेपर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।
(घ) परिक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।
(ङ) परीक्षणकाल :- महिला कर्मचारीको हकमा ६ महिना र पुरुष कर्मचारीको हकमा १ वर्षको हुनेछ ।
(च) तलव स्केल र अन्य सुविधा :- नेपाल टेलिभिजनको नियमानुसार हुनेछ ।
(छ) अन्तर्वार्ता हुने मितिः लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।
(ज) पाठ्यक्रम संस्थानको Website www.ntv.org.np बाट प्राप्त गर्न सकिनेछ ।
(झ) दरखास्त फाराममा उल्लेखित सबै विवरणहरु स्पष्ट रुपले खुलाउनुपर्नेछ ।
(ञ) दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडिपट्टि "सक्कल बमोजिम नक्क ठीक छ" भनी उम्मेदवार स्वयंले दस्तखत गर्नुपर्नेछ ।
(ट) लिखित परीक्षा लोकसेवा आयोगले सञ्चालन गर्नेछ ।
(ठ) संस्थानद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
(ड) यस सूचनामा उल्लेख भएका बाहेक यससँग सम्बन्धित थप विषयहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन :**

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्दछ । लिखित परीक्षा (प्रयोगात्मक हुने पदका लागि सो समेत) को नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा

त्यस्ता कागजातहरुको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ ।

**(क) आदिवासी/जनजातिको हकमा :** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भएको भनी प्रमाणित गराएको कागजात ।

**(ख) मधेसीको हकमा :** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर, नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

**(ग) दलितका हकमा :** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात ।

**(घ) अपाङ्गका हकमा :** स्वीकृत चिकित्सकको सिफारिशमा समााज कल्याण परिषद्/सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र,

**(ङ) पिछडिएको क्षेत्रका हकमा :** नेपाल टेलिभिजन संस्थान कर्मचारी सेवा शर्त विनियमावली, २०५५ (आठौं संशोधन, २०७६ सहित) को विनियम १६(५)(ङ) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा बसोबास भएको भनी प्रमााणित गरेको कागजात दरखास्त फाराम भर्ने दिनभन्दा ३ महिना अगाडिसम्मको सिफारिशको आधारमा ।

स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, नेपाल टेलिभिजन संस्थान कर्मचारी सेवा शर्त विनियमावली, २०५५ (आठौं संशोधन, २०७६ सहित) को विनियम १६(५)(ङ) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाइँसराइ गरेको खुल्ने कागजात ।

सदस्य सचिव
पदपूर्ति समिति